**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ४ संख्या ४.१ मिति: २०७७/०१/०३

**भाग-२**

**देउमाई नगरपालिका**

## देउमाई नगरपालिका सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यविधि, २०७७

कार्यपालिकाबाट स्वीकृत मितिः२०७७.०१.०३

नगरसभाबाट स्वीकृत मितिः २०७७.०३.१०

# देउमाई नगरपालिका सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यविधि, २०७७

प्रस्तावनाः

मातृ तथा शिशु मृत्युदरमा कमी ल्याउन,सुत्केरी महिला र नवजात शिशुको स्वास्थ्य स्थितिमा सुधार गरि स्वास्थ्य समाज निर्माणमा टेवा पुर्याउन देउमाई नगरपालिका प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७७ को दफा ४ बमोजिम देउमाई नगर कार्यपालिकाको मितिः२०७७.०१.०३को बैठकको निर्णय अनुसार देउमाई नगरकार्यपालिकाले यो कार्यविधि जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधिको नाम "देउमाई नगरपालिका सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यविधि,२०७७" रहेको छ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ।

२. **परिभाषाः**विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

क)"नगरपालिका" भन्नाले देउमाई नगरपालिका सम्झनु पर्दछ।

ख)"कार्यपालिका" भन्नाले देउमाई नगरकार्यपालिका सम्झनु पर्दछ।

ग) "प्रमुख" भन्नाले देउमाई नगरपालिकाको प्रमुख सम्झनुपर्नेछ।

घ) "उपप्रमुख" भन्नाले देउमाई नगरपालिकाको उपप्रमुख सम्झनु पर्नेछ।

ङ) "कार्यालय" भन्नाले देउमाई नगर कार्यपालिकाको कार्यालय सम्झनुपर्नेछ।

च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले देउमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ।

छ) "लक्षित वर्ग" भन्नाले देउमाई नगरपालिका भित्रका स्थायी बसोबास भएका गर्भवती भए देखि सुत्केरी भएको ३५ दिन भित्रको आमा र बच्चालाईसम्झनुपर्नेछ।

ज) "सुत्केरी स्याहार तथा बालपोषण भत्ता सहयोग कार्यक्रम" भन्नाले देउमाई नगरपालिका भित्र सुत्केरी भएका महिलालाई उत्प्रेरणा र पोषण स्थितिमा आमा र बच्चाको स्वास्थ्य स्थिति सुधार गर्नका लागि देउमाई नगरपालिकाले ल्याएको महिला बालबालिका कार्यक्रम भन्ने बुझ्नु पर्नेछ।

झ) "प्रोटोकल" भन्नाले गर्भवती आमा बच्चालाई स्वास्थ्य सेवा उपभोग गर्न तपशिल अनुसारको कार्यलाई सम्झनु पर्नेछ।

अ) पहिलो गर्भवती जाँच- गर्भ रहेको चौथो महिनामा (जुकाको औषधी,टिडि खोप,आइरन चक्की सुरुवात गर्नु)

आ) दोस्रो जाँच- छैठौं महिनामा टिडि खोप, आइरन चक्की नियमित खानुपर्ने

इ) तेस्रो जाँच- आठौं महिनामा

ई) चौथो जाँच- गर्भ रहेको नौ महिनामा गर्भ जाँच गर्नुपर्छ।

३. **सुत्केरी स्याहार तथा बालपोषण भत्ता पाउनेः**१)देहायका सुत्केरी महिलालाई यस कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध गराईनेछः

क) देउमाई नगरपालिका भित्रको स्थायी बासिन्दा भएको

ख) सुत्केरी भएको ३५ दिन भित्रमा अनिवार्य बच्चाको जन्म दर्ता गरि सुत्केरी स्याहार तथा बालपोषण भत्ताबच्चा जन्मिएको ६ महिना भित्रमा लिइसक्नु पर्नेछ।जन्म भएको ६ महिना पछि सुत्केरी स्याहार तथा बालपोषण उपलब्ध गराउन नगरपालिका बाध्य हुनेछैन।

४. प्रोटोकल अनुसार गर्भ जाँच गराई यस कार्यविधि बमोजिम नियम पुगेका सुत्केरी महिलालाई उपलब्ध गराईनेछ।

५. सुत्केरी स्याहार तथा बालपोषण भत्ता बापत सुत्केरी महिलालाई रू.५,०००।०० (अक्षरेपी पाँच हजार मात्र) उपलब्ध गराईनेछ।

६. यो कार्यविधि बमोजिम दोस्रो पटकको सुत्केरी वा दुइवटा बच्चा भएसम्म मात्र सुत्केरी स्याहार तथा बालपोषण भत्ता उपलब्ध हुनेछ। अन्यथा भत्ता रकम उपलब्ध गराउन नगरपालिका बाध्य हुने छैन।

७. कुनै पनि गर्भवतीले प्रोटोकल अनुसार गर्भ जाँच नगरेतापनि सुचिकृत स्वास्थ्य संस्थाबाट प्रसुती भएको कागजात पेश गरेमा यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण भत्ता पाउनेछ।

८. सामाजिक आर्थिक भौगोलिक रूपमा स्वास्थ्य संस्थाबाट टाढा भई स्वास्थ्य सेवाबाट बञ्चित भइ घरैमा प्रसुती भएको सुत्केरी महिलालाई समेत यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण भत्ता प्राप्त गर्न रोक लगाइने छैन।

९. सुत्केरी स्याहार तथा बालपोषण भत्ता प्राप्त गर्न देहायको कागजात साथ नगर कार्यपालिकाको कार्यालय समक्ष निवेदन पेश गर्नुपर्नेछः

१) प्रोटोकल जाँच गराएको कार्डको फोटोकपी

२) सुचीकृत स्वास्थ्य संस्था बाट प्रसुती सेवा लिएको कागजात

३) बच्चाको जन्मदर्ताको प्रतिलिपि

४) बच्चाको आमा र बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

१०. **कसुर गरेको मानिने**:कसैले झुठा विवरण पेश गरी यो कार्यविधि बमोजिम सुत्केरी स्याहार तथा बालपोषण भत्ता लिएमा कसुर गरेको मानिनेछ। साथै कसैले कसुर गरेको पाईएमा सो रकम असुल गरी बिगो बराबरको जरिवाना गरिनेछ।

११. **संशोधन**ः देउमाई नगरकार्यपालिकाले बैठक बसी यो कार्यविधिमा आवश्यक संशोधन गर्न सक्नेछ।

१२. **बचाउ**ः यो कार्यविधि कार्यान्वयन हुनु अगाडी नगरकार्यपालिकाको निर्णय अनुसार सुत्केरी स्याहार तथा बालपोषण भत्ता वितरण सम्बन्धी भएगरेको सम्पुर्ण कामकारवाही यसै कार्यविधि बमोजिम भएको मानिने छ।

आज्ञाले,
प्रेम प्रसाददाहाल
प्रमुखप्रशासकीयअधिकृत

देउमाई नगरपालिका